# कटहरी गाउँपालिकाको स्थानीय सेवाका कर्मचारीहरुको तहबृद्धि/बढुवा सम्बन्धी कार्यविधि,२०८०

**कटहरी गाउँपालिका**

**कोशी प्रदेश**

अध्यक्ष

# कटहरी गाउँपालिकाको स्थानीय सेवाका कर्मचारीहरुको तहबृद्धि /बढुवा सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना**

कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० बमोजिम कटहरी गाउँपालिका, गाउँ कार्यपालिकाले स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तहबृद्धि तथा बढुवा सम्बन्धि कामकाजलाई ब्यवस्थित गर्न बान्छनीय भएकोले ,

स्थानीय सेवा (गठन तथ सञ्चालन) अध्यादेश,२०८० को **दफा १५४** ले दिएको अधिकार प्रयोग गरी कटहरी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०/०३/ गतेको बैठकबाट निर्णय गरी अध्यादेशको **दफा १५६ (२)** मा प्रदेश लोक सेवा आयोगको राय परामर्श लिनु पर्ने व्यवस्था भएकाले कार्यविधिको सम्बन्धमा आवश्यक राय परामर्शको लागि पठाईएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ** – (१) यो कार्यविधिको नाम "**कटहरी गाउँपालिकाको स्थानीय तहका कर्मचारीहरुको तहबृद्धि/बढुवा सम्बन्धी कार्यविधि,२०८०**" हुनेछ ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ ।

**२.परिभाषा**- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "अध्यादेश" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनु पर्दछ ।

(२)कर्मचारी भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविकका स्थानीय निकाय, विकास समिति, संघीय निजामती सेवाबाट स्थानीय तहमा समायोजन भएका र संघीय तथा प्रदेश लोकसेवा आयोगबाट स्थानीय तहको लागि सिफारिस भै आएका सबै प्रकारका स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(३) " कार्यालय " भन्नाले कटहरी गाउँपालिका सम्झनु पर्दछ ।

(४) " गाउँ कार्यपालिका " कटहरी गाउँपालिका कार्यपालिका सम्झनु पर्दछ ।

(५)" प्रदेश लोक सेवा आयोग " भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग विराटनगरलाई सम्झनु पर्दछ ।

(६) " प्रमुख प्रशासकीय अधिकृत " भन्नाले स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १११ बमोजिमका अधिकृत वा स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८४ को उपदफा ४ समेत जनाउने छ ।

(७)"समायोजन ऐन भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(८) अन्य सेवा भन्नाले (साविक गा.वि.स, न.पा, जि. वि. स, विकास समिति आदि) वाट स्थायी नियुक्ती भई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समान तहमा समायोजन भई यो कार्यविधि जारी हुँदा सम्म तहवृद्धि/बढुवा नभएका स्थानीय तहका कर्मचारीहरु



अध्यक्ष

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

CamScanner

# ३. तहबृद्धि सम्बन्धि विशेष व्यवस्था –

१. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा ४ को उपदफा (५),दफा ८ को उपदफा (१६) र दफा २८ को प्रयोजनार्थ गाउँपालिका कार्यालयमा कार्यरत कर्मचारीको तह बृद्धि गर्दा तह बृद्धि हुने पद भन्दा एकतह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तिन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिसत अङ्क प्रास गरेका र तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई सम्बन्धित सेवा,समुह वा उपसमूह भित्र तह बृद्धि गरिनेछ। यसरी तह बृद्धि हुने पद स्वत सृजना हुनेछ तथा त्यसरी स्वत सृजना भएको पदमा सो कर्मचारी कुनै कारणले बहाल नरहेमा सो पद स्वत खारेज हुनेछ ।

२. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय सेवा( गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ८ को उपदफा १६ बमोजिमका निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहको समान पदमा समायोजन भई आएका नवौ तह सम्मका स्थायी कर्मचारी तथा संघीय लोक सेवा आयोगबाट स्थानीय तहको छैठौ तहमा सिफारिस भई आएका र यो अध्यादेश जारी हुँदाका वखत सम्म तह वृद्धि नभएका कर्मचारीहरुलाई एकपटकको लागि स्वतः एक तह वृद्धि गरिनेछ । यसरी तह वृद्धि गरिएको पद स्वत सिर्जना भएको मानिनेछ । त्यसरी स्वतः सृजना भएको पदमा सो कर्मचारी कुनै कारणले बहाल नरहेमा साविकै पद (एक तह मुनी ) कायम हुने छ।

३. (१) उपदफा २ बमोजिम तहबृद्धिका लागि सम्भाव्य कर्मचारीहरुको जानकारीका लागि ३ (तीन) दिनको समय राखी सूचना जारी गरिनेछ ।

(२) सम्भाव्य उमेदवारले सुचनामा तोकिएको समयावधिभित्र समायोजन भएको पत्र संलग्न राखी निवेदन दिनुपर्नेछ।

(३) सम्भाव्य उम्द्वारहरुले पेश गरेको.निवेदनहरु मध्ये अध्यादेशको दफा ८ को उपदफा १६ र यस कार्यविधिको दफा २ बमोजमि भए नभएको छानविन गरि योग्यता पुगेका उम्मेद्वारहरुलाई गाउँकार्यपालिका कार्यालयले निर्णय गरी ७(सात) दिन भित्र तहबृद्धि सम्वन्धी निर्णय गर्नुपर्नेछ

अध्यक्ष

# पहिलो संशोधनद्वारा संशोधित ।

४. संघिय लोकसेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परिक्षा बाट सिफारिस भई स्थानीय तहको छैठौ तहको पद सिफारिस भई नियुक्ती भई सकेका कार्यरत कर्मचारिलाई स्थानीय सेवाको सातौ तहका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले

सातौ तहका कायम गरि दिने । यसरी सातौ तह कायम भइसकेपछी स्वतः सातौं तहको पद सिर्जना भएको मानिने छ।

५. स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा ८ को उपदफा १४ बमोजिम चौथो तह सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासिकीय अधिकृतले स्वत पाँचौ तहमा तहबृद्धिको निर्णय गरि नियुक्तिपत्र दिनेछ ।

६. स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा ८ को उपदफा १ बमोजिम अधिकृत स्तर सातौं र नवौं तहका पदहरुमा दफा २९ को प्रकिया पुरा गरि अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ ।

**४. समिति गठन सम्बन्धी व्यवस्था –** (१) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा १ बमोजिम तहवृद्धिका लागि दफा २८ को उपदफा ३ बमोजिमको तहवृद्धि सिफारिस समिति गठन गर्नु पर्नेछ ।

दफा ८(१६) बमोजिम गाउँपालिकामा कार्यरत कर्मचारीको तहबृद्धि गर्न तपसिल बमोजिमको तह बृद्धि सिफारिस समिति रहनेछ।

क.प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

ख. कार्यपालिकाले तोकेको १ महिला सहित २ जना वरिष्ठ कर्मचारी - सदस्य

(२) उपदफा १ बमोजिम गठित समितिको सचिवालयको रुपमा कार्य गर्ने गरी गाउँपालिकाको प्रशासन शाखाले काम गर्नेछ ।

(३) समितिको वैठक सम्बन्धि कार्यविधि समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

**५.सूचना प्रकाशन सम्बन्धि व्यवस्था** – (१) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा १ बमोजिम तहवृद्धिका लागि अध्यादेशको दफा २८ को उपदफा २ बमोजिम गाउँपालिकाले स्थानीय सेवामा कार्यरत कर्मचारीको तहवृद्धिका लागि प्रत्येक वर्षको ज्येष्ठ महिना र मंसीर महिनाको अन्तिम हप्तामा तहबृद्धिका लागि सम्भाव्य उम्मेदवारहरुको जानकारीका लागि ३०(तीस) दिनको म्याद दिई दरखास्त आव्हान सम्बन्धि सूचना प्रकाशित गर्नु पर्नेछ ।तर यो कार्यविधि स्वीकृत भई लागु भईसकेपछि पहिलो पटकको लागि स्थानीय तहले ३ दिने सूचना प्रकाशित गरि दरखास्त आह्वान गर्नुपर्नेछ ।

अध्यक्ष

(२) उपदफा १ बमोजिमको सूचना गाउँपालिकाले आफ्नो सूचना पाटीमा, सबै वडा कार्यालयहरुको सूचना पाटी, विषयगत कार्यालयहरुको सूचना पाटी र गाउँपालिकाको वेवसाईटमा प्रकाशित गर्नु पर्नेछ ।

६. <u>दरखास्त दिने सम्बन्धि व्यवस्था –</u>(१) दफा ५ को उपदफा १ बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तहवृद्धिका सम्भाव्य उम्मेदवारहरुले अनुसूची १ बमोजिमको ढाँचामा तहवृद्धि सिफारिस समितिको सचिवालयमा देहायका प्रमाण सम्लग्न राखि दरखास्त दिनु पर्नेछ ।

(क) पछिल्लो ३ वर्षको कार्यसम्पादन मुल्याँकन फारमको सक्कल प्रति ।

(ख) सेवा अवधी प्रमाणित भएको प्रमाण पत्रको प्रति ।

(ग) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा १ बमोजिम तोकिएको शैक्षिक योग्यताको लब्धाँक पत्र र चारित्रिक प्रमाण पत्रको उम्मेदवार स्वयंले प्रमाणित गरेको प्रति ।

(घ) गयलकट्टि नभएको, सेवा निरन्तर रहेको, विभागिय कार्वाहीमा नपरेको, अध्ययन /असाधारण विदामा नवसेको ।

(ङ) पेशा सम्बन्धी व्यवसायीक परिषदले उपलब्ध गराउने पदमा रहेको भए सो परिषदले उपलब्ध गराउने प्रमाण पत्रको उम्मेदवार स्वमंले प्रमाणित गरेको प्रति ।

७. <u>आवश्यक न्युनतम योग्यता र सेवा अबधिः-</u> स्थानीय सेवामा कार्यरत कर्मचारीको तह बृद्धि गर्दा तह बृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तीन वर्ष कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह बृद्धि गरिनेछः-

| क.स. | हालको तह | तह बृद्धि हुने तह | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
|---|---|---|---|---|
| १ | चौथो | पाचौं | SLC वा सो सरह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा न्यूनतम प्रवीणता तहमा प्रमाण पत्र तह वा कक्षा १२ उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |



अध्यक्ष.

CamScanner

८. जाँचबुझ सम्बन्धि व्यवस्था – (१) दफा ६ बमोजिम दर्ता भएका दरखास्त तथा कागजात प्रमाणहरु दफा ४ को उपदफा १ बमोजिमको समितिले जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम जाँचबुझ गर्दा कुनै उम्मेदवारको तहबृद्धिका लागि आवश्यक पर्ने आधारभुत कागजात वा प्रमाण नपुगेको देखिएमा बढिमा ३(तीन) दिनको समय दिई छुटेका कागजात प्रमाण पेश गर्न समय दिनु पर्नेछ ।

तर उम्मेदवारले छुटेका काजगात पेश गर्दा दरखास्त दर्ता गर्ने अन्तिम मिति भित्र जारी भएका कागजात वा प्रमाण मात्र पेश गर्न सक्नेछन । दरखास्त दर्ता गर्ने अन्तिम मिति पछि जारी भएका कागजात वा प्रमाणहरुलाई समितिले मान्यता दिनु हुदैन ।

९. सिफारिस गर्ने सम्बन्धि व्यवस्था – (१) दफा ६ बमोजिम दरखास्त दर्ता भएका उम्मेदवारहरुको आवश्यक कागजात प्रमाणहरु जाँचबुझ गर्दा देहाय बमोजिम मापदण्ड पुरा भएको देखिएमा समितिले कर्मचारीको तहबृद्धिका लागि गाउँपालिका कार्यालयलाई सिफारिस गर्नु पर्नेछ ।

(क) पछिल्लो ३ वर्षको कार्यसम्पादन मुल्याँकनमा औषतमा नब्बे प्रतिशत भन्दा बढि अंक प्राप्त गरेको ।

(ख) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा १ र दफा २९ को उपदफा १ बमोजिम शैक्षिक योग्यता हासिल गरेको ।

(ग) नसिहतको सजाय पाएको भए उक्त सजाय भुक्तान भएको १ वर्ष पुरा भएको, तलबबृद्धि रोक्का वा बढुवा रोक्का भएको भए सो अवधि पुरा भएको ।

(घ)असाधारण विदा नवसेको ।

(ङ) निलम्वन नभएको ।

(च) पेशा सम्वन्धी व्यवसायी परिषदले उपलब्ध गराउने प्रमाण पत्र आवश्यक हुनेको हकमा उक्त प्रमाण पत्रको अवधि नसकिएको ।

(२) उपदफा १ बमोजिम कुनै उम्मेदवारको तहबृद्धिका लागि सिफारिस नभएमा तहबृद्धिका लागि सिफारिस नहुनुको कारण जनाई निजलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा १ बमोजिम सिफारिस गर्दा तहबृद्धि हुने पद, तह, सेवा ,समुह, ज्येष्ठता लागु हुने मिति समेत खुलाई सिफारिस गर्नु पर्नेछ ।

१०. तहबृद्धि सम्वन्धि पत्र दिने – (१) दफा ३ बमोजिम तहबृद्धि भएका र दफा ९ को उपदफा १ बमोजिम सिफारिस भएका कर्मचारीलाई निर्णय भएको र सिफारिस भएको ७(सात) दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले अनुसुची-२ बमोजिमको ढाँचामा तहबृद्धि भएको पत्र दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिमको पत्र दिदा प्रदेश मन्त्रालय,प्रदेश कितावखाना,प्रदेश लोकसेवा आयोग, पालिकाको प्रशासन शाखा/महाशाखा, आर्थीक प्रशासन शाखा समेतका सम्बन्धित निकायहरुमा वोधार्थ दिनु पर्नेछ ।



अध्यक्ष

***११. ज्येष्ठता गणना सम्बन्धि ब्यवस्था** – (१) यस कार्यविधि बमोजिम तहबृद्धि हुने कर्मचारीको ज्येष्ठता गणना गर्दा तहबृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको वा स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० जारी हुनु भन्दा अघि नियुक्ति पाएको सेवा समुहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट जेष्ठता गणना गरिनेछ ।

**१२. तहबृद्धि भएका कर्मचारीको सेवा सुविधा सम्बन्धि ब्यवस्था**- (१) यस कार्यविधि बमोजिम तहबृद्धि भएका कर्मचारीले दफा १० बमोजिम पत्र जारी भएको मिति देखि लागु हुने गरी बृद्धि भएको तहको सेवा सुविधा प्राप्त गर्नेछन् ।

**१३. उजुरी / गुनासो** (१) यो कार्यविधि बमोजिम तहबृद्धि नहुने कर्मचारीले तहबृद्धिको सिफारिस सम्बन्धि निर्णयमा चित्त नबुझे तहबृद्धि भएको मितिले २१ दिन भित्र प्रदेश लोकसेवा आयोगमा उजुरी / गुनासो को निवेदन दिन सक्नेछन ।

(२) उपदफा १ बमोजिम प्राप्त निवेदनका सम्बन्धमा प्रदेश लोक सेवा आयोगबाट प्राप्त राय प्रतिकृया वा निवेदन उपर भएको निर्णय गाउँपालिका र निवेदक दुवै पक्षलाई मान्य हुनेछ र उक्त राय,प्रतिकृया वा निर्णयको कार्यान्वय गर्नु गाउँपालिका र निवेदक दुवैको कर्तब्य हुनेछ ।

**१४. अभिलेख राख्ने सम्बन्धि ब्यवस्था**-(१) यस कार्यविधि बमोजिम तहबृद्धि हुने कर्मचारीहरुको अभिलेख गाउँपालिकाले दुरुस्त राख्नु पर्नेछ सरोकारवाला निकायहरुबाट माग भएको बखत तत्काल उपलब्ध गराउनु पर्नेछ ।

**१५. सेवा अवधी जोडिने:** संघिय वा जुनसुकै प्रदेशको निजामती सेवाको कर्मचारी वा जुनसुकै स्थानीय तहमा स्थायी नियुक्ती भएको कर्मचारी संघीय वा प्रदेश लोकसेवा आयोगको पदपुर्ति प्रकृया द्वारा प्रदेश भित्रको कुनै स्थानीय तहमा नियुक्त वा पदस्थापन भइ साविकको निकायबाट रमाना लिइ हाँजिर भएमा साविकमा गरेको सेवा अवधि निजको सेवा अवधिमा जोडिनेछ । निवृत्तिभरणको हकमा साविकको सेवा शर्त सुविधा साविक कार्यरत रहदा आकर्षित कानुन बमोजिम हुनेछ ।

**१६. कामकाजमा खटिएका कर्मचारी सम्बन्धि व्यवस्था** :- कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरवन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तहबृद्धि हुने। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीहरुको हकमा समेत पदाधिकार रहेको/खटिएकै कार्यालयले तहबृद्धि गर्नुपर्नेछ ।

१७. बाधा अड्काउ फुकाउने: कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा गाउँकार्यपालिकामा रहने छ।

अध्यक्ष

---

* पहिलो संशोधनद्वारा संशोधित ।

**१८. तहबृद्धि गर्न नहुने** :- स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ बमोजिको तहबृद्धि देहायको अवस्थामा हुने छैन ।

(क) निलम्बन भएकोमा निलम्बनको अबधी पुरा नभएको ,तलब बृद्धि वा बढुवा रोक्का भएको भए सो अवधि पुरा नभएको ।

(ख) असाधारण विदामा बसेको ।

(ग) पेशा सम्बन्धि ब्यवसायी परिषदले उपलब्ध गराउने प्रमाण पत्र आवश्यक पर्ने कर्मचारीको हकमा सो प्रमाण पत्रको अवधी सकिएको अवस्थामा ।

**१९ .जानकारी दिनु पर्ने** :- स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा ६ बमोजिको जानकारी दिनुपर्ने छ ।

**२०. प्रचलित कानून बमोजिम हुने** :- यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२१. संशोधन र खारेजी सम्बन्धि ब्यवस्था**-(१) यो कार्यविधिलाई समसागयिक तथा आवश्यकताका आधारमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ तर यो कार्यविधि बमोजिम सम्पन्न भएका कार्यहरुको प्रतिकुल हुनें गरि संशोधन गरिने छैन ।

(२)यो कार्यविधि प्रचलित संघिय कानुन तथा प्रादेशिक कानुनसंग बाँझिएको हदसम्म मात्र अमान्य हुनेछ ।

अध्यक्ष

अनुसूची १

(कार्यविधिको दफा १४ सँग सम्बन्धित)

## तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

मिति : २०८०/ /

श्रीमान् अध्यक्ष ज्यू,

तह वृद्धि सिफारिश समिति,

कटहरी गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय मोरङ ।

### विषय : तह वृद्धि गरी पाउँ।

प्रस्तुत विषयमा यस कटहरी गाउँपालिकाको तह वृद्धि सिफारीश समितिको मिति २०८०/ / गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

तपसिल

१. स्थायी नियुक्तिको पत्र ।

२. बढुवा/तह वृद्धि भएको पत्र।(दफा ८(१६) को हकमा नपर्ने)

३. समायोजन पत्र ।(समायोजन भएका कर्मचारीको हकमा मात्र)

४. नेपाली नागरिकताको प्रमाण पत्र।

५. न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र।

| | |
|---|---|
| नाम थरः | सुरु नियुक्ति मिति |
| पदः | हालको पदमा तहवृद्धी/बढुवा मिति |
| तहः | समायोजन मिति |
| सेवाः | कर्मचारी संकेत न. |
| समुहः | कार्यरत कार्यालय : |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानुन बमोजिम सहूँला बुझाउँला ।

निवेदक

नाम :

दस्तखत :

क.सं. नम्बर :

अनुसूची २

(कार्यविधिको दफा ३ सँग सम्बन्धित)

## तह बृद्धि पत्रको ढाँचा

पत्र संख्या/
चलानी नं.

मितिः२०८०।।

**विषयः तह बृद्धि गरिएको ।**

महासय ,

तपाईंलाई कोशी प्रदेश , स्थानीय सेवा (गठन तथा सञ्चालन) र सेवाका सर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८०, को दफा ४ को उपदफा ५ / दफा ८ को उपदफा १६ र कटहरी गाउँ कार्यपालिकाको मिति २०८०। । गतेको तह बृद्धि निर्णयानुसार नियमानुसार ज्येष्ठता कायम हुने गरी तपसिल बमोजिमको एक तहमा तहबृद्धि गरिने भएको ले प्रचलित कानुन बमोजिम पाचौ/छैठौ/सातौ तह कायम गरि तह बृद्धि गरिएको छ।

सहायक स्तर पाचौ/ अधिकृत स्तर छैठौ / सातौ तह कायम हुनु भएकोमा हार्दिक बधाई तथा शुभकामना ।

तपाई लाई प्राप्त जिमेवारी राष्ट्र ,जनंता र सरकार प्रति कर्तव्यनिष्ठा भई प्रचलित ऐन कानुन को परिधिमा रहेर पारर्दशी ,निष्पक्ष ,अनुशासित भई सकारात्मक सोच र उर्जाकासाथ कार्य सम्पादन गर्नु हुनेछ भने अपेक्षा लिएको छु।

तपसिल :

| हाल कार्यरत पद | तह बृद्धि गरेको पद |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवा: | सेवा:: |
| समुहः | समुह |
| कार्यरत कार्यालय : | कार्यरत कार्यालय : |

श्री ................

कर्मचारी सकेत नम्बर

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ्ग ।

श्री राष्ट्रिय किताबखाना(निजामती) पुल्चोक ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ ।

श्री प्रदेश किताबखाना, विराटनगर मोरङ ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, मोरङ ।

श्री कर्मचारी सञ्चयकोष, विराटनगर मोरङ।

श्री आर्थिक प्रशासन शाखा, कटहरी गाउँपालिका, गाउँकार्यपालिको कार्यालय कटहरी मोरङ ।

अध्यक्ष.